कम्पनी दर्ता नं: १२८३६७/०७१/०७२
ने.रा.बैंक/इ.प्रा./"घ"/४३/२०७१/०७२

# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड
SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कोशी प्रदेश स्तरीय 'घ' वर्गको वित्तीय संस्था)
केन्द्रीय कार्यालय, इटहरी-०४, सुनसरी, फोन नं-०२५-५८८१७७,१७८

प.स.: २०८०/०८१
च.नं.: 2096

मिति : २०८०/०९/०६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
यूएनआई शान्ती मार्ग, भद्रकाली, काठमाडौं ।

विषय : **साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द रहने जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०९/०५ गते बिहीबार अपरान्ह ५:०० बजे बसेको सञ्चालक समितिको २१३औं बैठकले यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा मिति २०८० पौष २७ गते (तदनुसार जनवरी १२, २०२४) शुक्रबारका दिन विहान ९:३० बजे इटहरी-४, सुनसरी स्थित दुर्गा पार्टी प्यालेसमा बस्ने निर्णय भएको व्यहोरा तँहाको जानकारीका लागि अनुरोध छ । शेयरधनी महानूभावहरूको जानकारीका लागि साधारणसभा सम्बन्धी सूचना मिति २०८०/०९/०६ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशित गरिएको छ ।

साथै, उक्त वार्षिक साधारण सभा प्रयोजनका लागी यस वित्तीय संस्थाको शेयरधनी दर्ता किताब देहाय बमोजिम बन्द रहने हुँदा सोही बमोजिम आवश्यक सहयोगको लागी अनुरोध गर्दछौं ।

**शेयरधनी दर्ता किताब बन्द रहने :**

नवौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१६ गते वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द(Book Close) रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१२ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र उक्त सभामा भाग लिन योग्य तथा लाभांश प्राप्त गर्न योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि सुचित गरिन्छ ।

**बोधार्थ :**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं।
४. श्री आरबिबि मर्चेण्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाडौं ।

**भवदीय :**

**बिष्णु कान्त चौधरी**
**कम्पनी सचिव**